**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६५/७/१५ गते शुक्रवार देखि २०६५/७/२१ गते विहिवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ८१ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३०८८ कारोवारबाट ५० करोड ७१ लाख ४० हजार रुपैयाँ बराबरका ४ लाख ८३ हजार ४ सय ७६ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४७.१९ प्रतिशतले वृद्धि भएको हो । गत साता १८६८ शेयर कारोवारबाट ३४ करोड ४५ लाख ५६ हजार रुपैयाँ बराबरका ३ लाख ८५ हजार ७ सय ८६ कित्ता शेयरहरु खरीदविक्री भएका थिए ।

कुल कारोवारमध्ये ‘क’ बर्गका कम्पनीहरुको मात्र २९ करोड १६ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ५७.५१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २०.५७ अंकले ह्रास भई अन्तिम दिन ८३२.५९ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ८४५.०५ | ४३२.७९ | ३६४.६९ | ८२९.४३ | १०६६.५४ | २१८.३१ | ८०२.२६ | ११०३.७६ | १३८९.९७ | ८५३.१६ | २२१.७४ | ८३.५५ |
| दोस्रो | ८४३.१८ | ४३२.७९ | ३६४.६९ | ८२२.३९ | १०६६.१८ | २१८.३१ | ७९८.८० | १०९४.९८ | १३८१.६१ | ८४९.४४ | २२०.९० | ८३.३४ |
| तेस्रो | ८४०.२२ | ४३२.७९ | ३६४.६९ | ८२३.५६ | १०७७.७४ | २१८.३१ | ७८९.९० | १०९३.०५ | १३७९.४५ | ८४८.१८ | २२०.५५ | ८३.०२ |
| चौथो | ८२६.५६ | ४३२.७९ | ३६४.६९ | ७८८.३२ | १०८१.३७ | २२०.२८ | ७९०.७९ | १०६९.०३ | १२५२.७६ | ८३२.५९ | २१७.९३ | ८१.९४ |
| परिवर्तन | -१८.४९ | ०.०० | ०.०० | -४१.११ | १४.८३ | १.९७ | -११.४७ | -३४.७३ | -१३७.२१ | -२०.५७ | -३.८१ | -१.६१ |

‘क’ वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.८१ अंकले ह्रास भई २१७.९३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (५ करोड ९९ लाख रुपैयाँ), शेयर संख्या (७१ हजार कित्ता) तथा कारोवार संख्या (३१३) को आधारमा नेपाल वंगलादेश वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल वंगलादेश वैंक | ५९.९३ |
| २ | वुटवल पावर कम्पनी | ५१.६६ |
| ३ | वैंक अफ काठमाण्डू | ४०.२३ |
| ४ | स्ट्याण्र्डड चाटर्डड वैंक (नेपाल) | ३३.४४ |
| ५ | नविल वैंक | २९.०८ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।